परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily
राष्ट्रिय दैनिक




वर्ष : ४ अंक : २९४ पृष्ठ ४ २०८३ साउन २८ गते बिहीबार 13 August, 2026 मूल्य रु. ५/-
हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

# ३५ वर्षदेखि रोकिएको छैन बासुदेवको दण्डी यात्रा

● रोशन कुमार महतो

घाम चर्किएको छ। शरीरबाट पसिना टप्टप झरिरहेको छ। बाटो सहज छैन। कतै धुलो, कतै घाँस र झाडी। तर उमेरले थकित देखिने एउटा शरीर निरन्तर पल्ट्रिँदै, उठ्दै र फेरि पल्ट्रिँदै अगाडि बढिरहेको छ। आफू लम्पसार परेको ठाउँलाई चिनो लगाउँदै उनी टुटेश्वरनाथतर्फ अघि बढिरहेका छन्।

पिठ्युँमा भगवान् टुटेश्वरनाथका लागि बोकेको जल, शरीर मा साधारण पहिरन र मनमा एउटै विश्वास–'बाबाको कृपा छ, जहाँसम्म सकिन्छ, पुग्नुपर्छ।'

उनी हुन् बासुदेव महतो। भगवान् टुटेश्वरनाथप्रति गहिरो आस्था राख्दै महतोले यस वर्ष ३५औँ पटक दण्डी यात्रा सुरु गरेका छन्। बिहान करिब ७ बजे पवित्र जल बोकेर घाटबाट निस्किएका उनी घामको ताप, थकान र शरीरको पीडालाई बेवास्ता गर्दै टुटेश्वर नाथतर्फ अघि बढिरहेका छन्।

"सूर्य रहुञ्जेल मात्रै दण्डी गर्न सकिन्छ। जति सक्छु, त्यति आउँदैछु," महतोले भन्नुभयो।

उहाँले बोकेको जल सामान्य जल भने होइन। टुटेश्वरनाथ मन्दिरबाट करिब १८ किलोमिटर दक्षिणमा रहेको माण्डवीगङ्गा (मडहा), बरुणमति (बेलगाछी) र स्वर्णमति (सोनी) नदीको त्रिवेणीको पवित्र जल हो।



### ३५ वर्षको यात्रामा एउटा वर्ष छुट्यो

बासुदेव महतोका लागि दण्डी यात्रा केवल धार्मिक कर्मकाण्ड होइन, जीवनकै एउटा लामो यात्राजस्तै बनेको छ। उहाँले विक्रम संवत् २०४८ सालदेखि लगातार दण्डी गर्दै आएको बताउनुभयो। बीचमा एउटा वर्ष भने उहाँ टुटेश्वरनाथ पुग्न सक्नुभएन।

पारिवारिक जुठो परेका कारण गत वर्ष दण्डी यात्रा रोकिएको उहाँले बताउनुभयो।

"३५ वर्षको बीचमा पोहोर साल मात्रै आउन सकिनँ। त्यो ३५औँ काँध बाँकी थियो। त्यसैले यसपालि सकी-नसकी भए पनि गर्दैछु," उहाँले भावुक हुँदै भन्नुभयो।

शरीरले साथ नदिँदा पनि आस्थाले आफूलाई अघि बढाइरहेको उहाँको भनाइ छ। घामले शरीर पोलिरहेको छ। पसिनाले कपडा भिजेको छ। तर उहाँको मुखमा गुनासो छैन।

"बाबाको कृपा छ। घाम यस्तै छ, देखिरहनुभएको छ। टपटप पसिना गइरहेको छ," महतो ले भन्नुभयो।

### एउटा घटनाबाट सुरु भएको यात्रा

बासुदेवको टुटेश्वरनाथसँगको सम्बन्ध आजको होइन। यसको पछाडि दशकौँ पुरानो कथा छ। उहाँका अनुसार २०२०/२१ सालतिर गाउँकै कुबेर लामाको एकादशी मे लाका क्रममा हत्या भएपछि केही वर्ष टुटेश्वर क्षेत्रमा धार्मिक गतिविधि ठप्पजस्तै भएको थियो।

त्यसपछि गाउँका युवा तथा भक्तजनले फेरि टुटेश्वरमा भजन-कीर्तन सुरु गरे।

"हामीले गाउँका १७ जना कीर्तनियालाई लिएर भजन-कीर्तन सुरु गर्‍यौँ। मगरदेखि कोइरी, तेली, हलुवाई सबै जातिका मानिस सहभागी थिए। त्यहीँको जल उठाएर भोलिपल्ट टुटेश्वरनाथलाई चढाउन थाल्यौँ," उहाँले सम्झनुभयो।

त्यही सुरुवातले विस्तारै परम्पराको रूप लियो। वर्ष बित्दै गए। पुस्ता फेरिँदै गए। तर बासुदेवको दण्डी यात्रा रोकिएन। उहाँका लागि टुटेश्वरनाथ केवल एउटा मन्दिर नभई आस्था, इतिहास र आफ्नो जीवनसँग जोडिएको स्थान हो।

### धार्मिक तथा पर्यटकीय विकासको अपेक्षा

बासुदेव टुटेश्वरनाथको धार्मिक मात्र नभई प्राकृतिक तथा पर्यटकीय सम्भावनालाई पनि महत्वपूर्ण ठान्नुहुन्छ। समुद्री सतहबाट करिब २६८ मिटरको उचाइमा रहेको टुटेश्वरनाथ प्राकृतिक धार्मिक स्थल भएको उहाँको भनाइ छ।

"यसको इतिहास छ, किंवदन्ती छ। हाम्रो पुस्ताका बाजेहरूले पनि यहाँ दर्शन गर्नुभएको कुरा सुनिन्छ," उहाँले भन्नुभयो।

टुटेश्वरनाथ क्षेत्रमा पछिल्ला वर्षमा विकास तथा पूर्वाधार विस्तार भए पनि धार्मिक तथा पर्यटकीय सम्भावनाअनुसार राज्यको ध्यान अझै पर्याप्त नपुगेको महतोको गुनासो छ।

"धेरै विकास देख्या छु, तर अलिकति सरकारहरू आँखा ट्याढो पार्छन्। श्रावणी मेलालाई 'मदिसे मेला' भनेर यहाँका केही व्यक्तिले हेला गरेजस्तो मलाई महसुस हुन्छ," उहाँले भन्नुभयो।

टुटेश्वरनाथलाई धार्मिक पर्यटनको महत्वपूर्ण गन्तव्यका रूपमा विकास गर्न सकिने पर्याप्त सम्भावना रहेको उहाँको विश्वास छ।

दण्डी यात्रा सुरु गर्नुअघि पनि उहाँको दिनचर्या सहज हुँदैन। नुहाइधुवाइ गरेर मात्रै जल ग्रहण गर्ने र अघिल्लो दिन उपवास बसेर हनुमानजीको पूजा गर्ने उहाँले बताउनुभयो।

कुशेश्वरनाथ महादेव मन्दिरलाई पनि उहाँ आफ्नो दण्डी यात्राको महत्वपूर्ण सुरुवाती स्थलका रूपमा सम्झनुहुन्छ।

"मैले पहिलो दण्डीमा त्यहाँ स्थापना गरेको जस्तो हो। अहिले समाजको कृपाले मन्दिर नै बनिसकेको छ। अहिले सय जना मानिस त्यो चौतारामा रातदिन सुत्छन्," उहाँले भन्नुभयो।

वर्षौंको यात्राले उहाँलाई धार्मिक अनुशासनसँगै जीवनलाई हेर्ने फरक दृष्टिकोणसमेत दिएको छ।

### 'जस्तोसुकै संकट आए पनि भगवान्लाई सम्झिनुस्'

बासुदेवको विश्वासमा धर्म केवल मन्दिर पुग्नु वा पूजा गर्नु मात्र होइन, संकटमा पनि मनलाई स्थिर राख्नु हो।

"जस्तोसुकै संकट आए पनि एकाग्र भएर भगवान्को भजन गर्नुस्। तपाईंको दुःख निवारण हुन्छ। यो मेरो दृढ विश्वास हो," उहाँले भन्नुभयो।

आफूले अरूलाई दिएको विश्वास र आशीर्वादले धेरैको जीवनमा सकारात्मक परिणाम आएको उहाँको अनुभव छ।

"मेरा बालबच्चादेखि स्वास्थ्यसम्म बाबाको कृपा छ। अब मलाई के चाहियो ?" उहाँ मुस्कुराउँदै भन्नुहुन्छ।

### अब बाँकी जीवन टुटेश्वरनाथको सेवामा

जीवनको उत्तरार्धमा पुगेका बासुदेव अब सन्यासको कुरा पनि गर्नुहुन्छ। तर उहाँका लागि सन्यास संसारबाट भाग्नु होइन।

"सन्यास भनेको जोगी बन्नु मात्रै होइन। म गृहस्थाश्रम मान्छे, कहाँ जोगी बन्नु हो र ?" उहाँ भन्नुहुन्छ।

अब बाँकी जीवनको धेरै समय बाबा टुटेश्वरनाथकै सेवामा बिताउने उहाँको इच्छा छ।

"अब दण्डी चाहिँ म सक्दिनँ। साँचो-साँचै भन्नुपर्दा शरीरले साथ दिँदैन। तर सन्यास लिएर धेरै समय बाबा टुटेश्वरमै बिताउने इच्छा छ," उहाँले भन्नुभयो।

जीवनभर भगवान्को नाममा हिँडेका बासुदेवको अन्तिम इच्छा पनि असाधारण छैन। उहाँ भौतिक सम्पत्ति, पद वा प्रतिष्ठा माग्नुहुन्न। परिवार सुखी होस्, आफूले कसैको बोझ बन्न नपरोस् र जीवनको अन्त्य शान्तिपूर्वक होस् भन्ने उहाँको चाहना छ।

उहाँले कवि कबीरको प्रसिद्ध भनाइसमेत सम्झनुभयो :

**'प्रभुजी इतना दीजिए, जामे कुटुम्ब समाए।**
**मै भी भुखा ना रहूँ, साधु ना भुखा जाए।'**

अर्थात्, आफ्नो परिवार पाल्न पुग्ने होस्, आफू भोकै नपरियोस् र आफ्नो ढोकामा आएको साधु पनि भोकै नफर्कियोस् भन्ने उहाँको भाव हो।

"मलाई धेरै केही चाहिएको छैन। प्रभुको कृपा ममाथि भइरहोस्। हाँसीखुसी बाँच्न पाऊँ। मर्ने बेलामा सरक्क जाऊँ। अरूले 'राम राम' भनेर एकपटक सम्झिदिए पुग्छ। मेरो आत्मालाई ठूलो सन्तुष्टि हुन्छ," महतोले भन्नुभयो।





विज्ञापन गानुपेमा
९८६३३२१०१४
९८०८७८२११४

**साइव अपाधबाट जोगिआं !!!**

कम्प्युट, मोवाइल इन्टनेट प्रयोग गदा यी कुाहरु ध्यान दिनुहोस् ।

- बलियो पासवड राखौं, पासवडलाइ नियमित रुपमा पवितन गारैं।
- अपर्िचित व्यक्ति वा कायालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलौं ।
- अपर्िचित व्यक्तिले युर्जरनेम पासवड मागे नदिऔं ।
- ह्वाट्स एप, इमो, भाइब, मेसेन्जलगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद भिडियो वा अडियो कल नउठाऔ । त्यस्ता कल पटक पटक आए ब्लक गारै ।
- आफना व्यक्तिगत विवणहरु (ओटिपी, युर्जरनेम, पासवड, बंक खाता नम्ब, पिनकोड, नागकिता नम्ब, राहदानी नम्ब, जन्म मिति) कसलाइ शेय नगारै, सुक्षित राखौं ।

गौशाला नगरपालिका,
महोत्तरी, मधेश प्रदेश

पछिल्लका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### बाँदर आतंक र किसानको पीडा

नेपालका पहाडी जिल्लामा बाँदरको आतंक किसानका लागि गम्भीर समस्याका रूपमा देखा परेको छ। बागलुङको जैमिनी नगरपालिका यसको प्रतिनिधि उदाहरण बनेको छ, जहाँ किसानले लगाएको मकै, धान, कोदो, गहुँ तथा तरकारीबाली बाँदरले नष्ट गर्दा खेतीपाती नै संकटमा परेको छ। वर्षौंदेखिको मेहनत एकै दिनमा सखाप भएपछि किसानमा निराशा बढेको छ र कतिपय गाउँमा बसाइँसराइसमेत तीव्र हुन थालेको छ।

किसानहरूले मल, बिउ र अनुदानभन्दा पहिले खेती जोगाउने वातावरणको माग गरिरहेका छन्। वास्तवमा उत्पादनको आधार नै सुरक्षित नभएसम्म अनुदान कार्यक्रम प्रभावकारी हुन सक्दैनन्। बाँदरका कारण खेतीयोग्य जमिन बाँझो हुने र कृषि पेशाप्रति युवाको आकर्षण घट्ने खतरा बढेको छ।

स्थानीय तहले 'बाँदर बगैँचा' जस्ता विकल्प खोजे पनि कानुनी जटिलता र सीमित स्रोत-साधनका कारण समस्या समाधान हुन सकेको छैन। वन्यजन्तु संरक्षण र किसानको जीविकाबीच सन्तुलन कायम गर्नु आजको आवश्यकता हो। यसका लागि संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वय आवश्यक छ।

बाँदर व्यवस्थापनसम्बन्धी स्पष्ट कानुनी व्यवस्था, वैज्ञानिक अध्ययन, खेतीयोग्य क्षेत्रको संरक्षण, क्षतिपूर्तिको व्यवस्था तथा दीर्घकालीन नीति निर्माण अपरिहार्य देखिन्छ। किसानलाई आफ्नै खेतमा असुरक्षित बनाउने अवस्था दीर्घकालीन रूपमा कृषि उत्पादन र खाद्य सुरक्षाका लागि पनि चुनौती हो।

किसानको पीडा केवल स्थानीय समस्या होइन, यो राष्ट्रिय कृषि नीतिसँग जोडिएको विषय हो। समयमै प्रभावकारी कदम चाल्न नसके गाउँ रित्तिने तथा कृषि प्रणाली कमजोर हुने जोखिम बढ्दै जानेछ।

# मधेशका सरकारी स्वास्थ्य संस्थामा रेबिज खोप अभाव, बिरामी निजीमा जान बाध्य

● टक नेपाल



देशभर रेबिजविरुद्धको खोप (एआरभी) अभाव देखिएका बेला मधेश प्रदेशका सरकारी स्वास्थ्य संस्थासमेत प्रभावित भएका छन्। सरकारी स्वास्थ्य संस्थामा खोप सहज रूपमा उपलब्ध नहुँदा कुकुर, स्याल तथा अन्य रेबिज शंकास्पद जनावरले टोकेका बिरामी निजी स्वास्थ्य संस्था तथा औषधि पसलबाट महँगो मूल्यमा खोप लगाउन बाध्य भएका छन्।

मधेश प्रदेशका प्रमुख सरकारी अस्पताल तथा स्वास्थ्य संस्थामा रेबिज खोपको नियमित आपूर्ति प्रभावित हुँदा विशेषगरी ग्रामीण क्षेत्रका तथा विपन्न परिवारका बिरामी बढी समस्यामा परेका छन्। जनावरले टोकेपछि समयमै खोप लगाउनुपर्ने भए पनि सरकारी संस्थामा खोप नपाउँदा कतिपय बिरामी उपचारका लागि अर्को जिल्ला वा निजी स्वास्थ्य संस्थामा पुग्नुपर्ने अवस्था आएको छ।

पर्साको वीरगञ्जस्थित नारायणी अस्पतालमा दैनिक २० देखि ३० जनासम्म रेबिजविरुद्धको खोप लगाउन आउने गरेका छन्। तर अस्पतालले करिब एक महिनादेखि खोप उपलब्ध गराउन नसकेको जनाएको छ। पर्सासहित बारा, रौतहट तथा सीमावर्ती भारतबाट समेत बिरामी रेबिज खोपका लागि नारायणी अस्पताल पुग्ने गरेका छन्।

अस्पतालका रेबिज फोकल पर्सन प्रह्लाद साहका अनुसार नारायणी अस्पतालमा मासिक करिब ५०० देखि ६०० भाइल रेबिज खोप खपत हुने गरेको छ। यसअघि पनि करिब तीन महिनासम्म खोप अभाव भएको थियो। आपूर्ति भएर आएको खोप सकिएको एक महिना बितिसक्दा पनि नयाँ खोप नआएपछि बिरामी निजी स्वास्थ्य संस्थाबाट खोप खरिद गर्न बाध्य भएका छन्।

अस्पतालका अनुसार निजी स्वास्थ्य संस्थामा एक भाइल रेबिज खोपका लागि करिब ६५० रुपैयाँसम्म खर्च हुने गरेको छ। उपचारका क्रममा एकभन्दा बढी मात्रा आवश्यक पर्ने भएकाले खोपको अभावले न्यून आय भएका परिवारमा थप आर्थिक भार परेको छ।

यता, प्रादेशिक अस्पताल जनकपुरमा विगत नौ महिनासम्म रेबिज खोपको अभाव रहे पनि पछिल्ला केही महिनादेखि भने खोप उपलब्ध रहेको मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानद्वारा सञ्चालित प्रादेशिक अस्पताल जनकपुरका निर्देशक डा. जामुनप्रसाद सिंहले जानकारी दिनुभयो।

मधेशका अन्य जिल्लाका सरकारी स्वास्थ्य संस्थामा समेत रेबिज खोपको उपलब्धता कमजोर रहेको स्वास्थ्यकर्मीहरूले बताएका छन्। संघीय सरकारको खरिद तथा आपूर्ति प्रणालीमा निर्भर रहनुपर्ने अवस्थाका कारण प्रदेश तथा स्थानीय तहले मागअनुसार समयमा खोप प्राप्त गर्न नसकेको समस्या देखिएको उनीहरूको भनाइ छ। यस्तै समस्या देशका अन्य प्रदेशमा समेत रहेको बताइएको छ।

चिकित्सकहरूले रेबिजको जोखिमलाई सामान्य रूपमा नलिन आग्रह गरेका छन्। संक्रमित हुन सक्ने जनावरले टोकेपछि घाउको अवस्था र जोखिमअनुसार चिकित्सकको सल्लाहमा निर्धारित समयमा खोपको पूरा मात्रा लगाउनुपर्ने उनीहरूको भनाइ छ। खोपको कुनै मात्रा छुट्नु वा ढिलो हुनु जोखिमपूर्ण हुन सक्छ।

एकपटक रेबिजका लक्षण देखिएपछि रोग प्रायः घातक हुने भएकाले जनावरले टोकेलगत्तै स्वास्थ्य संस्थामा पुगेर चिकित्सकीय परामर्श लिनुपर्ने चिकित्सकहरू बताउँछन्। सरकारी स्वास्थ्य संस्थामा निःशुल्क वा सहुलियतमा उपलब्ध हुने खोप नियमित रूपमा नपाउँदा निजी संस्थामा जानुपर्ने अवस्थाले विशेषगरी न्यून आय भएका परिवारलाई आर्थिक बोझ थपेको छ।

नेपालले सन् २०३० सम्ममा कुकुरको टोकाइबाट हुने रेबिजलाई शून्यमा झार्ने लक्ष्य लिएको छ। तर सरकारी स्वास्थ्य संस्थामै अत्यावश्यक रेबिज खोपको नियमित आपूर्ति प्रभावित भइरहँदा उक्त लक्ष्य हासिल गर्न पर्याप्त खोप मौज्दात, प्रभावकारी वितरण प्रणाली र स्थानीय तहसम्म सहज पहुँच सुनिश्चित गर्नुपर्ने आवश्यकता देखिएको छ।

मधेश प्रदेश बाक्लो बस्ती तथा भारतसँगको खुला सीमा जोडिएको क्षेत्र भएकाले खोप अभाव लामो समय रहन नदिन संघीय, प्रदेश र स्थानीय सरकारबीच समन्वय गरी तत्काल आपूर्ति व्यवस्थापन गर्नुपर्ने नागरिक समाजका अगुवाहरूले बताएका छन्।

# मधेसमा बढ्दो विद्युत् माग सम्बोधन गर्न प्रसारण लाइन र सबस्टेसन निर्माण तीव्र



● टक नेपाल

मधेस प्रदेशमा बढ्दो विद्युत् मागलाई दीर्घकालीन रूपमा सम्बोधन गर्ने उद्देश्यले प्रसारण लाइन तथा सबस्टेसन निर्माणका काम तीव्र पारिएको छ।

ऊर्जामन्त्री विराजभक्त श्रेष्ठका अनुसार मधेसमा विद्युत् आपूर्ति सुधार गर्ने लक्ष्यसहित अघि बढाइएका विभिन्न प्रसारण लाइन तथा सबस्टेसन आयोजना निर्माण तथा पूर्वनिर्माणका अन्तिम चरणमा पुगेका छन्।

मधेसमा निर्माणाधीन महत्वपूर्ण आयोजनामध्ये ढल्केबर-बालगंगा १३२ केभी प्रसारण लाइन तथा सबस्टेसन आयोजना पनि एक हो। करिब २४ किलोमिटर लामो डबल सर्किट १३२ केभी प्रसारण लाइन नो-लोड अवस्थामा सफलतापूर्वक चार्ज भइसकेको छ।

हंसपुर नगरपालिका-९ मा निर्माण भइरहेको बालगंगा सबस्टेसनमा सिभिल निर्माण तथा उपकरण जडानको काम तीव्र गतिमा भइरहेको छ। ६३ एमभीए क्षमताको १३२/३३ केभी सबस्टेसन रहेको उक्त आयोजना दसैँअघि सञ्चालनमा ल्याउने लक्ष्य राखिएको छ।

करिब २ अर्ब १३ करोड ६० लाख रुपैयाँ लागत अनुमान गरिएको आयोजनाअन्तर्गत ढल्केबर-लोहारपट्टी १३२ केभी प्रसारण लाइनको टावर नम्बर ३० बाट प्रसारण लाइन निकालेर बालगंगा सबस्टेसनमा जोडिनेछ। पावर ट्रान्सफर्मरसहित अधिकांश प्रमुख उपकरण आयोजना स्थलमा पुगिसकेका छन्। सिभिल निर्माण अन्तिम चरणमा पुगेको छ भने उपकरण जडानको काम भइरहेको छ। कन्ट्रोल रुम तथा कर्मचारी आवास भवन निर्माण पनि अन्तिम चरणमा छन्।

मधेसको विद्युत् प्रणालीमा ३३ केभी र ११ केभी वितरण लाइनमा बढ्दो भार प्रमुख चुनौतीका रूपमा देखिएको छ। विशेषगरी सिरहा र सप्तरीका ग्रामीण तथा औद्योगिक क्षेत्रमा विद्युत् माग बढ्दै गएपछि विद्यमान वितरण संरचनाले भविष्यको माग धान्न कठिन हुने अवस्था देखिएको छ।

यसलाई सम्बोधन गर्न लहान-सुखीपुर १३२ केभी प्रसारण लाइन आयोजना अघि बढाइएको छ। लहान सबस्टेसनदेखि सुखीपुरमा प्रस्तावित १३२/३३/११ केभी सबस्टेसनसम्म करिब १७ किलोमिटर डबल सर्किट प्रसारण लाइन निर्माण गरिनेछ। सुखीपुर सबस्टेसनमा ६३ एमभीएका दुई तथा २४ एमभीएको एक ट्रान्सफर्मर जडान गरिनेछ। लहान सबस्टेसनमा दुईवटा १३२ केभी लाइन बे थपिनेछन्।

करिब १ अर्ब ५३ करोड रुपैयाँ लागत अनुमान गरिएको आयोजनाको सम्भाव्यता तथा वातावरणीय अध्ययन सम्पन्न भइसकेको छ। सुखीपुर सबस्टेसनको सीमा पर्खाल निर्माण तथा निर्माण अनुमतिपत्र प्राप्त भइसकेको छ। प्रसारण लाइनका टावर निर्माणका लागि आवश्यक जग्गा अधिग्रहण पनि अन्तिम चरणमा पुगेको छ। निर्माण व्यवसायीले २४ महिनाभित्र प्रसारण लाइन निर्माण, परीक्षण तथा सञ्चालनमा ल्याउने गरी काम सुरु गरिसकेको प्राधिकरणले जनाएको छ।

बाकी पष्ठ ४ ......






# राजनीतिक खिचातानीको मारमा स्थानीय गौरवका आयोजना

● टक नेपाल



पाँच वर्षअघि सङ्घीय सरकारको ७० प्रतिशत र लहान नगरपालिकाको ३० प्रतिशत लागतमा निर्माण सुरु भएको लहान-१७ स्थित देवीदह पर्यटकीय आयोजना अहिले अलपत्र अवस्थामा छ।

बीस बिघा क्षेत्रफलमा फैलिएको धार्मिक तथा पर्यटकीय क्षेत्रको सौन्दर्यकरणका लागि आर्थिक वर्ष २०७७/७८ मा छ करोड ९३ लाख बजेट स्वीकृत भएको थियो। निर्माण कम्पनी 'विकास एण्ड बस्नेत कन्स्ट्रक्सन प्रालि'सँग सम्झौता भई करिब २० प्रतिशत काम सकिए पनि त्यसपछि आयोजना अघि बढ्न सकेको छैन। विगत चार वर्षदेखि निर्माणको काम रोकिएको छ।

लहान बजारदेखि देवीदहसम्म पुग्ने नौ किलोमिटर सडक ग्राभेल भइसकेको थियो भने पोखरी परिसरमा बन्ने अन्य संरचनाको तयारीसमेत अघि बढेको थियो। चारैतिर घेराबार, इन्टरलक, बोटिङ, स्वीमिङ पुललगायतका संरचना बनाएर यस क्षेत्रलाई प्रमुख पर्यटकीय गन्तव्य बनाउने महत्वाकांक्षी योजना अघि सारिएको थियो।

देवीदह वन उपभोक्ता समितिका अध्यक्ष कपलेश्वर यादव भन्नुहुन्छ, "त्यति बेला पोखरीलाई व्यवस्थित गरेर पर्यटकीय गन्तव्य बनाउने योजना निकै उत्साहका साथ अघि बढेको थियो। सडक निर्माणदेखि पोखरी परिसरमा विभिन्न संरचना बनाउने तयारीसम्म काम अगाडि बढिसकेको थियो। आयोजना पूरा भएको भए देवीदहको स्वरूप नै फेरिन सक्थ्यो।" तर अहिले पोखरी वरिपरि निर्माण हुन थालेका संरचनाका अवशेष मात्रै देखिन्छन्।

वि.सं.२०७९ को स्थानीय तह निर्वाचनपछि परिस्थिति फेरियो। लहान - १७ का वडाध्यक्ष प्रथमलाल चौधरीका अनुसार, नयाँ नेतृत्व आएपछि पूर्वनगरप्रमुख मुनि साहको पालामा सुरु भएका आयोजनाको सूची तयार गरी नवीकरण र बजेट निकासा रोकियो। सङ्घीय सरकारको करिब ८० लाख खर्च भइसकेपछि आयोजनाको बाँकी काम रोकियो।

नगरपालिकाले आफ्नो हिस्सामा रहेको ३० प्रतिशत बजेट व्यवस्थापन नगर्दा र भुक्तानी नदिँदा अन्ततः निर्माण कम्पनीले काम अलपत्र छाडेर हिँड्न बाध्य भएको वडाध्यक्ष चौधरी बताउनुहुन्छ। उहाँले भन्नुभयो, "हामीले पटक-पटक यो आयोजना निरन्तरता दिन आग्रह गर्‍यौं। तर बजेट व्यवस्थापन भएन। अन्ततः निर्माण कम्पनी अधुरै काम छाडेर हिँड्न बाध्य भयो।" तर अहिलेका नगरप्रमुख महेशप्रसाद चौधरी भने योजना राजनीतिक पूर्वाग्रहका कारण नभई वित्तीय जटिलताका कारण रोकिएको बताउनुहुन्छ।

"हामी विकासविरोधी होइनौँ, न त पूर्वाग्रह राखेर काम रोक्ने पक्षमा छौँ। विगतको नेतृत्वले प्रक्रियागत वैधता, प्राविधिक तयारी र बजेटको स्रोत सुनिश्चितता नै नगरी केवल लोकप्रिय बन्ने हतारोमा ठूला योजना अघि बढाएको देखिन्छ," नगरप्रमुख चौधरीले स्पष्ट पार्नुभयो, "स्रोत नखुलेका र हतारमा ठेक्का लगाइएका आयोजनाले गर्दा पालिकामा गम्भीर वित्तीय जटिलता पैदा हुने भएकाले कतिपय आयोजना रोकिएका हुन्। म निर्वाचित भएर आइसकेपछि कतिपय पुराना आयोजनाको प्राविधिक मूल्याङ्कन, कानुनी प्रक्रिया र स्रोत व्यवस्थापनको अवस्था हेरेर पारदर्शीरूपमा अगाडि बढाइएको छ।"

सिरहाका अन्य नगरपालिकामा पनि बहुवर्षीय आयोजना राजनीतिक खिचातानी, नयाँ नेतृत्वको बेवास्ता र बजेटको स्रोत सुनिश्चितताबिना सुरु गरिएका आयोजना अहिले बिचमै रोकिएका छन्। धनगढीमाई नगरपालिकामा तत्कालीन नगरप्रमुख हरिनारायण चौधरीको कार्यकालमा २०७५ सालमा १७ करोड लागतमा १५ श्ययाको नगर अस्पतालको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) स्वीकृत गरी निर्माण सुरु गरिएको थियो।

दुई वर्षमा सक्नुपर्ने यो आयोजना नयाँ नेतृत्वमा शिवशङ्कर महतो आएपछि भुक्तानी रोकिएर अधुरै छ, जसका कारण स्थानीयवासी पुरानो जीर्ण स्वास्थ्य चौकीबाटै सेवा लिन बाध्य छन्। यसका साथै जनता मावि बेतहा, जनता मावि पूर्वहनुमाननगर, जनता मावि तीनकोनी प्राविधिक विद्यालय र मदन भण्डारी माविका निर्माणाधीन भवन पनि बजेट अभावमा रोकिएका छन्।

धनगढीमाई-१० मा २०७५ सालमा भारतीय दूतावासको सहयोगमा निर्माण गरिएको देशकै एक मात्र स्थानीय तहद्वारा सञ्चालित प्राकृतिक अस्पताल पनि सञ्चालनको अन्तिम तयारीमा पुगेर बन्द हुने अवस्थामा छ। पूर्व नगरप्रमुख हरिनारायण चौधरी भन्नुहुन्छ, "माटो, पानी, बाफ र मालिसबाट उपचार गरिने यो अस्पताल पछिल्लो नेतृत्वको चरम बेवास्ताका कारण बन्द हुन पुगेको हो।" नयाँ नेतृत्वले पुरानो आयोजनाको दायित्व स्वीकार नगर्दा स्थानीय आयोजना लथालिङ्ग भएको उहाँको भनाइ छ।

उता वर्तमान नगरप्रमुख शिवशङ्कर महतो भने विगतको नेतृत्वले नियमविपरीत सिर्जना गरेको दायित्वका कारण समस्या पैदा भएको बताउनुहुन्छ। "विगतमा स्रोत सुनिश्चितता नगरी प्रक्रिया मिचेर ठेक्का लगाइएका योजनामा कानुनी र वित्तीय जटिलता आएको हो," प्रमुख महतोले भन्नुभयो, "हामीले प्रतिशोध राखेका होइनौँ। बेरुजु नआउने गरी रोकिएका योजना सञ्चालन गर्ने र कार्यविधि बनाएर अस्पताल तथा विद्यालय भवनका अधुरा काम पुरा गर्ने तयारीमा छौँ।"

गोलबजार नगरपालिकामा पनि अवस्था उस्तै छ। तत्कालीन नगरप्रमुख देवनाथ साहको पालामा २०७७ सालमा २८ करोड लागतमा सुरु भएको बहुवर्षीय नगर भवन चार तला ढलान सम्पन्न भएर अन्तिम चरणमा पुगेको थियो। निर्माण सम्पन्न हुने चरणमा पुगेको उक्त भवनको ठेक्का रद्द गरिएपछि अहिले बनेको संरचनासमेत रेखदेखको अभावमा जीर्ण बन्दै गएको छ भने नगरपालिका साँघुरो भवनबाट सेवा प्रवाह गर्न बाध्य छ। उता निर्माण कम्पनीले उच्च अदालत पाटनमा 'स्टे अर्डर'को माग गर्दै रिट हालेको छ।

गोलबजारका वर्तमान नगरप्रमुख श्याम श्रेष्ठ भने ठेकेदारको ढिला सुस्तीका कारण ठेक्का तोड्नु परेको तर्क गर्नुहुन्छ। "हामीले आयोजना रोकेका होइनौँ, ठेकेदारले तोकिएको समयमा काम नगरेकाले कानुनी प्रक्रियाअनुसार ठेक्का रद्द गरिएको हो," प्रमुख श्रेष्ठले भन्नुभयो, "अहिले अदालतमा मुद्दा विचाराधीन अवस्थामा भएकाले नयाँ प्रक्रियाबाट नगर भवन सम्पन्न गर्ने योजना रोकीएको छ।"

नेपालको संविधानअनुसार स्थानीय सरकार एक अविच्छिन्न उत्तराधिकारवाला निकाय हो। आवधिक निर्वाचनबाट नेतृत्व फेरिए पनि संस्थाको दायित्व, सम्पत्ति र सुरु भइसकेका विकास आयोजनाको निरन्तरता रोकिनु हुँदैन। सार्वजनिक खर्च व्यवस्थापनका दृष्टिकोणबाट पनि काम भइसकेका आयोजनाको भुक्तानी रोक्नु र निर्माणाधीन संरचना छाड्नुले वित्तीय अनुशासन विथोलिने विज्ञको भनाइ छ।

अर्थशास्त्री धरणीधर अधिकारीका अनुसार बीचमै आयोजना रोकिँदा सबैभन्दा ठूलो नोक्सानी करदाताको हुन्छ। "निर्माणमा सार्वजनिक पैसा खर्च भइसकेपछि त्यसबाट समयमै सेवा उत्पादन हुन नसक्नु भनेको सार्वजनिक स्रोतको क्षति हो। बिना प्रतिफलको खर्च मात्रै हो। भुक्तानी रोकिँदा कानुनी दायित्व र बेरुजु दुवै बढ्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पनि पालिकालाई अविच्छिन्न उत्तराधिकारवाला संस्था मानेकाले अघिल्लो सरकारले सुरु गरेको भन्दै आयोजना रोक्नु वित्तीय अनुशासन र सार्वजनिक उत्तरदायित्व दुवैका दृष्टिले उचित होइन," उहाँले भन्नुभयो।

राजनीतिक नेतृत्वको दलीय अडान र प्रक्रियागत उल्झनको मारमा स्थानीय नागरिक परेका छन्। लहानका स्थानीय सत्यनारायण चौधरी आफ्नो आक्रोश पोख्दै भन्नुहुन्छ, "चुनावमा नेता बदलिन्छन्, तर हाम्रो दुःख उस्तै रहन्छ। अघिल्ला मेयरले सुरु गरेको काम अहिलेकाले रोक्ने हो भने हाम्रो करको पैसा यसै गरी बालुवामा पानी कहिलेसम्म भइरहने ?"

राजनीतिक विश्लेषक तथा लेखक राजेश विद्रोहीका अनुसार समस्या व्यक्ति परिवर्तनभन्दा पनि राजनीतिक संस्कृतिमा छ। उहाँ भन्नुहुन्छ, "स्थानीय सरकार व्यक्ति होइन, संस्था हो। निर्वाचनले नेतृत्व परिवर्तन गर्छ, राज्यको दायित्व परिवर्तन गर्दैन। तर हामी कहाँ विकास आयोजना पनि राजनीतिक स्वामित्वको विषय बनाइन्छ। जसले सुरु गर्‍यो उसैले जस पाउने मानसिकताले अर्को नेतृत्वले निरन्तरता दिन चाहँदैन। यसको मूल्य अन्ततः नागरिकको टाउकोमा थोपरिन्छ।" रासस

## स्रोत नखुलेको ५१ लाख ३४ हजार रुपैयाँसहित एक जना पक्राउ

● टक नेपाल

सर्लाहीको ब्रह्मपुरी गाउँपालिका-२ स्थित राजदेवी मन्दिर अगाडिबाट स्रोत नखुलेको ५१ लाख ३४ हजार रुपैयाँसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट खटिएको प्रहरी टोलीले भेल्हीबाट बयलबास तर्फ जाँदै गरेको ज १० प ८६५२ नम्बरको स्कुटरलाई रोकेर जाँच गर्ने क्रममा उक्त रकम बरामद गरेको हो। स्कुटरको डिकी, अगाडिको खुट्टा राख्ने भाग (फुटबोर्ड) तथा बोकी ल्याएको कालो झोलाभित्र लुकाइछिपाइ राखिएको अवस्थामा स्रोत नखुलेको नेपाली रुपैयाँ ५१ लाख ३४ हजार बरामद गरिएको प्रहरीले जनाएको छ।

बरामद रकममा एक हजार रुपैयाँ दरका तीन हजार ५०० थान, पाँच सय रुपैयाँ दरका तीन हजार १०८ थान, एक सय रुपैयाँ दरका सात सय थान र ५० रुपैयाँ दरका दुई सय थान नोट रहेका छन्।

नियन्त्रणमा लिने क्रममा स्कुटर अनियन्त्रित भई दुर्घटना हुँदा चालक महोत्तरीको गौशाला नगरपालिका-१२ बस्ने ५७ वर्षीय जगन्नाथ महतो कोइरी घाइते हुनुभएको छ। उहाँको प्रादेशिक अस्पताल मलङ्गवामा सामान्य उपचारपछि थप उपचारका लागि म्याक्स अस्पताल मलङ्गवा लगिएको र हाल अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ।

निजलाई नियन्त्रणमा लिने क्रममा जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी सहायक हवल्दार राजेशकुमार यादव र प्रहरी जवान रामचन्द्र यादवसमेत सामान्य घाइते हुनुभएको थियो। उहाँहरू प्रादेशिक अस्पताल मलङ्गवामा उपचारपछि डिस्चार्ज भइसक्नुभएको छ।

बरामद रकम, स्कुटर र पक्राउ परेका कोइरीलाई नियन्त्रणमा लिई घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।




अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न विगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

# फर्जी हाजिरी बनाएर तलब भत्ता बलिने प्रअ र शिक्षकविरुद्ध भ्रष्टाचार मुद्दा




• टक नेपाल

सर्लाहीको मलंगवास्थित श्रीमती कृष्णादेवी जनता माध्यमिक विद्यालयका तत्कालीन प्रधानाध्यापक र एक शिक्षकविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेको छ।

विद्यालयमा अनुपस्थित शिक्षकको फर्जी हाजिरी बनाएर गैरकानुनी रूपमा तलब निकासा गरी सरकारी रकम हिनामिना गरेको अभियोगमा अख्तियारले मङ्गलबार विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरेको हो।

मुद्दा दायर गरिएकामा विद्यालयका तत्कालीन प्रधानाध्यापक विन्देश्वर यादव र तत्कालीन प्राथमिक द्वितीय श्रेणीकी शिक्षक प्रियंका कुमारी सिंह रहेका छन्।

अख्तियारले दुवैजना जनासँग जनही ३ लाख ७१ हजार ३६ रुपैयाँ १० पैसा बिगो कायम गरी सजायको मागदाबी गरेको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए।

### यसरी भएको थियो हिनामिना

अख्तियारका अनुसार शिक्षक प्रियंका कुमारी सिंह विासं। २०७९ सालको वैशाख महिनादेखि कात्तिक १८ गतेसम्म कुनै औपचारिक सूचना वा निवेदन पेस नगरी विद्यालयमा निरन्तर अनुपस्थित रहेकी थिइन्।

शिक्षा ऐन अनुसार मनासिव कारणविना लामो समय अनुपस्थित रहने शिक्षकलाई पदबाट हटाउने प्रक्रिया अगाडि बढाउनुपर्नेमा तत्कालीन प्रधानाध्यापक विन्देश्वर यादवले हाजिरी रजिष्टर खाली राखेका थिए। लामो समयपछि शिक्षक विद्यालयमा उपस्थित भएपछि एकमुष्ठ हाजिरी गराइएको र पछि उक्त हाजिरीमा टिपेक्स लगाई सच्याएर पुनः हाजिर गराइएको खुलेको छ।

प्रअ यादवले सोही फर्जी हाजिरी र विदाको अभिलेखका आधारमा मलंगवा नगरपालिकाबाट गैरकानुनी रूपमा छुट तलब निकासा गराएका थिए। अनुसन्धानका क्रममा शिक्षक सिंह अनुपस्थित रहेको अवधि २०७९ साउनदेखि कात्तिकसम्मको २ लाख ४० हजार ९१४ र वैशाख, जेठ तथा असार महिनाको १ लाख ३० हजार १२१ गरी कुल ३ लाख ७१ हजार ३६ रुपैयाँ गैरकानुनी रूपमा भुक्तानी लिएको र दिएको पुष्टि भएको छ।

### कैद र जरिवानाको मागदाबी

सरकारी कागजात सच्याएर सरकारी रकम हिनामिना, हानि(नोक्सानी तथा दुरुपयोग गरेको पुष्टि भएकाले प्रतिवादीहरू यादव र सिंहविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा १७ बमोजिमको कसुरमा मुद्दा दायर गरिएको हो।

उनीहरूबाट हिनामिना भएको बिगो ३ लाख ७१ हलार ३६ रुपैयाँ असुल उपर गरी ऐनबमोजिम कैद र जरिवाना सजाय गर्न अख्तियारले मागदाबी गरेको छ।

# धनुषामा २६ दिनमा ८१ लाख बढीको अवैध सामान बरामद

• टक नेपाल

भन्सार चोरीपैठारी नियन्त्रण अभियानअन्तर्गत धनुषा प्रहरीले पछिल्लो २६ दिनमा रु ८१ लाख सात हजार ७८६ बराबरको अवैध सामान बरामद गरेको छ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक मधुसुदन न्यौपानेका अनुसार साउन १ गते देखि २६ गतेसम्ममा विभिन्न स्थानबाट ८१ लाख सात हजार ७८६ बराबरको अवैध सामान बरामद गरी पाँच जनालाई पक्राउ गरेको छ।

यस्तै सो अवधिमा लागुऔषधसहित २४ जनालाई पक्राउ गरी १९ वटा लागुऔषधसम्बन्धी मुद्दा दर्ता गरिएको प्रहरी नायब उपरीक्षक न्यौपानेले भएको जानकारी दिए। सो क्रममा ३४ किलो गाँजा, १८५.८२ ग्राम खैरोहेरोइन, २४३ थान नाइट्रोजेपाम, पाँच थान स्पास्मोरेटल, १४ थान एन्टिकफ ट्याब्लेट र नौ थान कोलिबेन बरामद गरिएको उनले बताए।

त्यसैगरी, हातहतियारसम्बन्धी एउटा मुद्दा दर्ता गरिएको र तीन जना व्यक्ति पक्राउ परेको प्रहरीले जनाएको छ। बरामद हातहतियारमा पेस्तोल एक थान, पेस्तोलको म्यागजिन एक थान, ७.६५ केएफ लेखिएको गोली एक थान र नौ एमएम केएफ लेखिएको गोली राउन्ड एक थान गरी पाँच थान सामग्री रहेको प्रहरीले जनाएको छ।

उनका अनुसार फैसला कार्यान्वयन अभियानलाई पनि तीव्रता दिएको छ। यस अवधिमा ४१० वटा पक्राउ पुर्जी कार्यान्वयन गरिएको छ। विभिन्न अदालतबाट फैसला भएका व्यक्तिमाथि कारबाही गर्दै १५८ वर्ष आठ महिना सात दिन कैद सजाय कार्यान्वयन गरिएको तथा जरिवाना रु ६३ लाख ७७ हजार २६१ असुल गरिएको प्रहरी नायब उपरीक्षक न्यौपानेले बताए।


## साइव अपाधबाट जोगिआं !!!

**कम्प्युट, मोवाइल इन्टनेट प्रयोग गदा यी कुाहरु ध्यान दिनुहोस् ।**

- बलियो पासवड राखौ, पासवडलाइ नियमित रुपमा पवितन गारै।
- अपर्चित व्यक्ति वा कायालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलौ ।
- अपर्चित व्यक्तिले युर्जरनेम पासवड मागे नदिऔ ।
- ह्वाट्स एप, इमो, भाइब, मेसेन्जलगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद भिडियो वा अडियो कल नउठाऔ । त्यस्ता कल पटक पटक आए ब्लक गारै ।

आफना व्यक्तिगत विवणहरु (ओटिपी, युर्जरनेम, पासवड, बंक खाता नम्ब, पिनकोड, नागकिता नम्ब, राहदानी नम्ब, जन्म मिति) कसलाइ शेय नगारै, सुक्षित राखौं ।

**बर्दिबास नगरपालिका**
महोत्तरी, मधेश प्रदेश


# नेताहरूलाई व्यङ्ग्यको डोज दिन जोगिन्दरको 'बालेन सरकार'

• जीवन राज दाहाल




गाईजात्रा आयो कि नेपाली हास्यव्यङ्ग्य कलाकारको हातमा व्यङ्ग्यको झोला आइहाल्छ। नेताहरूका बोली, सरकारका काम र जनताका बानी-व्यवहारलाई हँसाउँदै चिमोट्ने पर्वका रूपमा चिनिएको गाईजात्राका लागि लोकप्रिय हास्य कलाकार शिवशङ्कर रिजाल 'जोगिन्दर'ले यस वर्ष पनि आफ्नो व्यङ्ग्यको 'डोज' बजारमा ल्याएका छन् -'बालेन सरकार'।

विगत २३ वर्षदेखि गाईजात्राका अवसरमा निरन्तर हास्यव्यङ्ग्यका कोसेली पस्कँदै आएका रिजालले यसपटक 'बालेन सरकार' मार्फत समसामयिक राजनीति, सरकार, नेता तथा नेपाली समाजका विभिन्न प्रवृत्तिमाथि व्यङ्ग्यको तीर चलाएका छन्।

'बालेन सरकार'मा सरकारलाई सल्लाह र सुझाव दिँदै खबरदारी गरिएको छ भने गत फागुन २१ गते सम्पन्न निर्वाचनलाई समेत व्यङ्ग्यको मसला बनाइएको छ। देशका राजनीतिक दलदेखि आम नेपालीका बानी-व्यवहारसम्मलाई हँसाउँदै सोच्न बाध्य बनाउने प्रयास गरिएको छ। अर्थात्, नेताले भाषण गर्ने, जनताले ताली बजाउने र जोगिन्दरले दुवैलाई व्यङ्ग्य गर्ने !

ओएसआर डिजिटलको युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको 'बालेन सरकार' विशुद्ध मनोरञ्जनसँगै सामाजिक तथा राजनीतिक चेतना प्रवाह गर्ने उद्देश्यले तयार गरिएको रिजालले बताएका छन्।

'गाईजात्रा हास्य कलाकारका लागि महान् उत्सव हो,' रिजाल भन्छन्, 'यस्ता कोसेलीको व्यावसायिकता खासै छैन। तर हरेक वर्ष दर्शक - श्रोता मेरो प्रस्तुति पर्खिरहनुहुन्छ। उहाँहरूको मायाका कारण आम्दानी नभए पनि यो यात्रालाई निरन्तरता दिँदै आएको छु।'

यसपटकको कोसेलीमा झलकमान गन्धर्वको चर्चित गीत 'आमाले सोध्लिन् नि'को प्यारोडीसमेत समावेश गरिएको छ। लोकप्रिय लोकदोहोरी गायक राजु परियारको स्वर रहेको उक्त प्यारोडीमा लोकराज अधिकारीको शब्द र अष्ट लामाको सङ्गीत संयोजन छ। प्यारोडीमार्फत एमाले, कांग्रेस, माओवादीसहित विभिन्न राजनीतिक दलमाथि व्यङ्ग्य गरिएको छ।

'बालेन सरकार'को लेखन, निर्देशन र प्रस्तुति स्वयं 'जोगिन्दर'कै हो। समन अधिकारीको कोरियोग्राफी, प्रेम शर्माको सम्पादन र हरि ढकालको छायाङ्कन रहेको प्रस्तुतिको पोस्ट प्रोडक्सन कोचे मिडियाले गरेको हो।

'बालेन सरकार' जोगिन्दरको २३औँ गाईजात्रे कोसेली हो। गत वर्ष उनले 'मिस चौरासी' सार्वजनिक गरेका थिए, जसले राम्रो चर्चा बटुलेको थियो।

वि.सं. २०६१ सालदेखि हरेक वर्ष गाईजात्राका लागि निरन्तर हास्यव्यङ्ग्य प्रस्तुति ल्याउँदै आएका रिजालका लागि गाईजात्रा केवल हँसाउने पर्व मात्र होइन, कलाकारको जिम्मेवारी पनि हो।

त्यसैले होला - गाईजात्रा आउँछ, नेता फेरिन्छन्, सरकार फेरिन्छ; तर जोगिन्दरको व्यङ्ग्य गर्ने पालोचाहिँ फेरिँदैन !

# मधेसमा बढ्दो विद्युत् माग सम्बोधन गर्न प्रसारण लाइन र सबस्टेसन निर्माण तीव्र ......

सप्तरीमा बढ्दो विद्युत् माग र औद्योगिक सम्भावनालाई ध्यानमा राख्दै रुपनी-बोदेबरसाइन १३२ केभी प्रसारण लाइन आयोजना अघि बढाइएको छ। करिब १८ किलोमिटर डबल सर्किट प्रसारण लाइन निर्माण गरी बोदेबरसाइनमा १३२/३३/११ केभी सबस्टेसन स्थापना गर्ने योजना छ।

प्रस्तावित सबस्टेसनमा ३० एमभीएका दुई तथा २४ एमभीएको एक ट्रान्सफर्मर जडान गरिनेछ। रुपनी सबस्टेसनमा दुईवटा १३२ केभी लाइन बे थपिनेछन्। करिब १ अर्ब ५६ करोड रुपैयाँ लागत अनुमान गरिएको आयोजनाका अध्ययनका काम सम्पन्न भइसकेका छन्। सबस्टेसनको सीमा पर्खाल निर्माण तथा निर्माण अनुमतिपत्र प्राप्त भइसकेको छ। लागत अनुमान स्वीकृत भइसकेकाले बोलपत्रसम्बन्धी कागजात तयार गर्ने प्रक्रिया अघि बढाइएको छ।

रौतहटमा चन्द्रपुर-सरुअठा १३२ केभी प्रसारण लाइन आयोजनामार्फत मध्य तथा दक्षिणी क्षेत्रको विद्युत् आपूर्ति सुधार गर्ने तयारी गरिएको छ। चन्द्रनिगाहपुरस्थित विद्यमान सबस्टेसनदेखि यमुनामाई गाउँपालिका-४ सरुअठामा प्रस्तावित सबस्टेसनसम्म करिब ३७ किलोमिटर डबल सर्किट प्रसारण लाइन निर्माण गरिनेछ।

सरुअठामा १३२/३३/११ केभी सबस्टेसन निर्माण गरी ६३ एमभीएका दुई १३२/३३ केभी तथा २४ एमभीएका दुई ३३/११ केभी ट्रान्सफर्मर जडान गर्ने योजना छ। प्रसारण लाइन निर्माण भएपछि गौर, मनपुर, सिम्रौनगढ र मौलापुर क्षेत्रका वितरण केन्द्रमा विद्युत् आपूर्ति थप भरपर्दो हुने अपेक्षा गरिएको छ।

आयोजनाको करिब सात किलोमिटर प्रसारण लाइन राष्ट्रिय वन क्षेत्र हुँदै जाने भएकाले वन क्षेत्रको स्वीकृति तथा टावरका लागि जग्गा अधिग्रहणको काम भइरहेको छ। विस्तृत सम्भाव्यता तथा वातावरणीय अध्ययन, सबस्टेसनका लागि जग्गा अधिग्रहण, सीमा पर्खाल तथा सुरक्षा भवन निर्माणलगायत अधिकांश पूर्वनिर्माणका काम सम्पन्न भइसकेका छन्।

प्रसारण लाइनको चेक सर्भे, टावर प्रोफाइलिङ, पेगिङ, पिट मार्किङ तथा कित्ता नक्सासम्बन्धी कामसमेत पूरा भएको छ। करिब ९३ करोड ८२ लाख ४० हजार रुपैयाँमा गत जुलाईमा निर्माण व्यवसायीसँग सम्झौता भएको आयोजनाको निर्माण अवधि ३० महिना तोकिएको छ। सरुअठा सबस्टेसनका लागि खरिद प्रक्रिया पनि अघि बढिरहेको छ।

औद्योगिक करिडोरका रूपमा विकसित बारा-पर्सा क्षेत्रमा विद्युत् माग तीव्र रूपमा बढिरहेका बेला हेटौँडा-परवानीपुर-पोखरिया १३२ केभी प्रसारण लाइन आयोजनालाई पनि प्राथमिकतामा राखिएको छ।

आयोजनाअन्तर्गत परवानीपुरदेखि पोखरियासम्म २१.२१ किलोमिटर लामो १३२ केभी चार सर्किट प्रसारण लाइन निर्माण गरिनेछ। पोखरियामा नयाँ १३२/३३/११ केभी सबस्टेसन स्थापना तथा परवानीपुर सबस्टेसनमा बे विस्तार गरिनेछ।

पोखरिया सबस्टेसनमा कन्ट्रोल रुम, कर्मचारी आवास, स्टोर, गार्ड हाउस तथा उपकरण र ट्रान्सफर्मर फाउन्डेसन निर्माण भइरहेका छन्। बोलपत्र प्रक्रिया सम्पन्न गरी चिनियाँ कम्पनीसँग निर्माण सम्झौता भइसकेको प्राधिकरणले जनाएको छ। आयोजना सन् २०२७ सेप्टेम्बरसम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ।


## मानव बेचबिखन विरुद्ध सचेतना

- मानव बेचबिखन गम्भीर मानवअधिकार उल्लङ्घन तथा कानूनबमोजिम दण्डनीय अपराध हो ।
- आकर्षक तलब, वैदेशिक रोजगारी वा विवाहको झुटो प्रलोभनमा नफसौँ ।
- विदेश जानुअघि सम्बन्धित सरकारी निकायबाट अनुमति र आवश्यक जानकारी लिनुहोस् ।
- अपरिचित व्यक्तिलाई नागरिकता, राहदानी वा अन्य व्यक्तिगत कागजात नदिनुहोस् ।
- सामाजिक सञ्जालमार्फत आएका अपरिचित व्यक्तिको प्रस्तावप्रति सतर्क रहनुहोस् ।
- बालबालिका, महिला तथा जोखिममा रहेका व्यक्तिहरूको विशेष सुरक्षा गरौँ ।
- कुनै पनि शंकास्पद गतिविधि देखेमा तुरुन्त प्रहरी वा सम्बन्धित निकायलाई जानकारी गराऔँ ।
- सुरक्षित वैदेशिक रोजगारका लागि कानुनी प्रक्रिया मात्र अपनाऔँ ।
- लोभलाग्दा विज्ञापन र दलालहरूको झुटा आश्वासनबाट सावधान रहौँ ।
- आफ्ना परिवारका सदस्य र समुदायलाई मानव बेचबिखनका जोखिमबारे सचेत बनाऔँ ।
- बालश्रम, जबर्जस्ती श्रम र यौन शोषण मानव बेचबिखनका रूपहरू हुन् भन्ने कुरा बुझौँ ।
- कुनै पनि व्यक्तिलाई इच्छा विपरीत काम गर्न बाध्य पार्नु अपराध हो ।
- बेचबिखनका पीडितलाई सहयोग, संरक्षण र न्याय दिलाउन सबैले हातेमालो गरौँ।
- मानव बेचबिखनमुक्त समाज निर्माणका लागि समुदाय, स्थानीय सरकार र सुरक्षा निकायसँग सहकार्य गरौँ।
- "सचेत नागरिक बनौँ, मानव बेचबिखन रोकौँ; सुरक्षित समाज निर्माणमा सबैको सहभागिता बढाऔँ।"

**वटेश्वर गाउँपालिक, धनुषा , मधेश प्रदेश**


बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014